प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्या :- ०८१/८२
चलानी नम्बर :- ९९६

मिति :- २०८१/०६/१४

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

विषय :- क्षतिको विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइहरू (१४ वटै),
कोशी प्रदेश ।

प्रस्तुत् विषयमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले विगत वर्षदेखि नै विपद्का समयमा विद्यार्थीको सिकाइ निरन्तरताका लागि भौतिक तथा पाठ्यपुस्तक लगायत सिकाइ सामग्रीमा पुगेको क्षति यकिन गरी विपद् व्यवस्थापन शैक्षिक कार्यक्रम सञ्चालन गर्न तहाँ इकाइहरू मार्फत विवरण संकलन गर्दै आएको साथै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८१/०६/१२ मा प्रकाशित विज्ञप्तिमा पनि देशभर भएको अविरल वर्षाका कारण शैक्षिक संस्थाहरुमा पुग्न गएको भौतिक, शैक्षिक र मानवीय क्षतिको विवरण त्यहाँ इकाइहरुबाट संकलन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत पठाउन भनिएकोमा अविरल वर्षा तथा अन्य विपदजन्य घटनाबाट कोशी प्रदेशभित्र सञ्चालित शैक्षिक संस्थाहरुमा पुर्याएको भौतिक तथा शैक्षिक सामाग्रीहरुको क्षतिको यथार्थ विवरण स्थानीय तहहरुको समन्वयमा संकलन गरी यस मन्त्रालयको इमेल ठेगाना mosdprov1education@gmail.com मा यथाशीघ्र उपलब्ध गराई सहयोग पुर्याइदिनु हुन अनुरोध छ।

वोधार्थ :

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।

श्री शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री १३७ स्थानीय तहहरू, कोशी प्रदेश ।

दामोदर फुयल
महाशाखा प्रमुख

महाशाखा प्रमुख